चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## मिति २०७९/०८/०९ गते बसेको कर्मचारीहरूको नियमित बैठकका प्रस्ताव तथा निर्णयहरू

**प्रस्तावहरू :**

१. यस अघिका नियमित कर्मचारी बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धी प्रस्ताव।
२. आर्थिक वर्ष २०७९/०८० को पहिलो त्रैमासिक प्रगति समीक्षा तथा सोको प्रतिवेदन पेस गर्ने सम्बन्धी प्रस्ताव।
३. कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा।
४. धुम्रपान तथा सुर्तिजन्य पदार्थको बिक्री वितरण र सेवन निषेध गर्ने कार्यमा निषेध गर्ने सम्बन्धमा।
५. समयमै पेश्की फर्च्यौंट गर्ने सम्बन्धमा।
६. समयमै राजश्व सङ्कलन गर्ने सम्बन्धमा।

**निर्णयहरू**

**निर्णय नं. १** प्रस्ताव नं. १ को **"यस अघिका नियमित कर्मचारी बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धी प्रस्तावमा"** छलफल गर्दा यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखा / उपशाखा / ईकाइ / फाँट / स्वास्थ्य संस्था / वडा कार्यालयहरूबाट हालसम्म सम्पादित कार्यहरू र यस अघिका स्टाफ मिटिङ्गका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । यसअघि मिति २०७९/०७/०३ गते बसेको कर्मचारीहरूको नियमित बैठकबाट **'गरिब, विपन्न दलित, अल्पसङ्ख्यक, शहीद र जनयुद्धका घाईते परिवार स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९'** बमोजिम छनोट भएका लाभग्राहीहरूको विवरण सहीतको फाइल पेस गर्ने भनेतापनि हालसम्म १ र १२ नं. वडा बाहेक अन्य वडाहरूको फाइल पेस नगरेकोले उक्त विवरण सहीतको फाइल अन्य वडाहरूले यथाशीघ्र पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. २** प्रस्ताव नं. २ को **"आर्थिक वर्ष २०७९/०८० को पहिलो त्रैमासिक प्रगति समीक्षा तथा सोको प्रतिवेदन पेस गर्ने सम्बन्धी प्रस्तावमा"** छलफल गर्दा आर्थिक वर्ष २०७९/०८० को पहिलो त्रैमासिकमा सम्पादित कार्यहरूको समीक्षा यस अघिको बैठकबाट भइ सकेकोले उक्त समीक्षाको प्रतिवेदन पेस गर्न बाँकी शाखा र वडा कार्यालयहरूले यथाशिघ्र आर्थिक वर्ष २०७९/०८० को पहिलो त्रैमासिक प्रगति प्रतिवेदन पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ को **'कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० बमोजिम निर्धारण गरिएको आन्तरिक राजश्व सङ्कलन कार्यको लक्ष्य पूरा गर्न तोकिएको मापदण्डको आधारमा **अनुसूची-१** अनुसार सबैभन्दा बढी प्रतिशत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

राजश्व सङ्कलन गर्ने वडा नं. ९ र वडा सचिव प्रवीण ढकाल र वडा नं. ११ का वडा सचिव निर्मल पुन मगरलाई पुरस्कृत गरियो।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तिजन्य पदार्थ सेवन तथा बिक्री वितरण निषेध गर्ने सूचना कार्यान्वयन गर्ने सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०७९ मंसिर ८ गते प्रकाशित सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ बमोजिम कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट एक सय मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न गराउन नपाउने कानुनी व्यवस्था रहेको छ । उक्त कानुनी व्यवस्था विपरीत यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका शिक्षण र स्वास्थ्य संस्था लगायतका स्थानहरूमा धूम्रपान तथा सुर्तीजन्य पदार्थ बिक्री वितरण तथा धूम्रपान गर्ने गरेको पाइएकोले सूचना प्रकाशन भएको मितितले ७ (सात) दिन अर्थात् २०७९ मङ्सिर १५ गतेभित्र बिक्री गर्ने कार्य बन्द वा स्थानान्तरण गर्नुका साथै सार्वजनिक स्थानमा सेवन नगर्न नगराउने सूचनालाई कडाइपूर्वक कार्यान्वयन गर्ने / गराउने निर्णय गरियो। साथै सार्वजनिक स्थानमा धूम्रपान गरेमा कार्यालय प्रमुखले रु १ सय जरिवाना गर्न सक्ने कानुनी व्यवस्था लागू गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ : 'समयमै पेश्की फच्यौट गर्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरूले कार्यालयको कामको सिलसिलमा लिएको पेश्की वापतको रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सोको नियमावली २०७७ बमोजिम पेश्की लिएको रकम निर्धारित समयभित्र अनिवार्य पेश्की फर्च्यौट गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ **'समयमै राजश्व जम्मा गर्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका वडा कार्यालय, नगर बस सेवा, एम्बुलेन्स सेवा, जेसीबी, नदी जन्य पदार्थ उत्खनन तथा बिक्रीवितरण लगायतबाट सङ्कलन हुने आन्तरिक राजश्व वापतको रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६ को दफा २७ मा तोके बमोजिम समयमै दाखिला गर्ने निर्णय गरियो।

**अन्तमा, बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची-१

(निर्णय नं. ३ सँग सम्बन्धित)

## चौरजहारी नगरपालिकाको आन्तरिक राजस्व विवरण २०७९/०८०

| क्र.सं. | वडा नं. | वार्षिक लक्ष्य | अघिल्लो महिना सम्मको आम्दानी | लक्ष्य हाँसिल प्रतिशतमा | लक्ष्यमा पुग्न बाँकी रकम | यस महिनाको आम्दानी | यस महिनाको लक्ष्य हाँसिल | हालसम्म हाँसिल लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | 388795.63 | 90795 | 23.35 | 298000.63 | 30859 | 10.36 | 33.71 | |
| २ | ११ | 388261.88 | 81114 | 20.89 | 307147.88 | 28451 | 9.26 | 30.15 | |
| ३ | नगरपालिका कार्यालय | 16184680.00 | 1929656 | 11.92 | 14255024.00 | 1170400 | 8.21 | 20.13 | |
| ४ | ६ | 264825.63 | 57022 | 21.53 | 207803.63 | 16460 | 7.92 | 29.45 | |
| ५ | १३ | 290612.50 | 26432 | 9.10 | 264180.50 | 18705 | 7.08 | 16.18 | |
| ६ | १ | 1402693.13 | 498821 | 35.56 | 903872.13 | 58220 | 6.44 | 42.00 | |
| ७ | ५ | 334726.25 | 76761 | 22.93 | 257965.25 | 15325 | 5.94 | 28.87 | |
| ८ | १२ | 330935.00 | 17700 | 5.35 | 313235.00 | 18270 | 5.83 | 11.18 | |
| ९ | ३ | 829130.00 | 224135 | 27.03 | 604995.00 | 21576.77 | 3.57 | 30.60 | |
| १० | ४ | 475838.13 | 73737 | 15.50 | 402101.13 | 13885 | 3.45 | 18.95 | |
| ११ | ८ | 485048.77 | 69630 | 14.36 | 415418.77 | 13805 | 3.32 | 17.68 | |
| १२ | २ | 1017091.88 | 202537 | 19.91 | 814554.88 | 22316.74 | 2.74 | 22.65 | |
| १३ | ९ | 937553.75 | 452913 | 48.31 | 484640.75 | 12745 | 2.63 | 50.94 | |
| १४ | १४ | 544877.50 | 18640 | 3.42 | 526237.50 | 10980 | 2.09 | 5.51 | |
| १५ | १० | 324931.88 | 91226 | 28.08 | 233705.88 | 500 | 0.21 | 28.29 | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत